श्री सचिव,
राष्ट्रिय सभा

मितिः २०८१ जेठ १ गते

विषयः जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ६६ बमोजिम देहायको जरुरी सार्वजनिक महत्त्वको विषयमाथि छलफल गर्न सूचना दिएका छौं ।

प्रस्तावको व्यहोरा

नेपालमा हरेक दिन सवारी दुर्घटना र त्यसबाट भएको जनधनको क्षतिका बारेमा समाचारहरू आइरहेका छन् । यहि वैशाखको १ देखि ३० गतेसम्मको अवधिमा देशभर भएका १५९४ सवारी दुर्घटनामा परी १८१ जनाको मृत्यु भएको छ भने ४८७ जना गम्भीर र २ हजार २३४ जना सामान्य घाइते भएका छन् ।

चालू आ.व.को पहिलो १० महिना (साउन १ देखि वैशाख ३०)सम्मको अवधिमा १९ हजार २६३ सवारी दुर्घटना हुँदा १ हजार ९३२ जनाको मृत्यु भएको ट्राफिक प्रहरीले जनाएको छ । ५ हजार ९४ गम्भीर र २१ हजार १४१ सामान्य घाइते भएको प्रहरीको तथ्यांक छ ।

सडक सुरक्षामा देखिएको यस प्रकारको समस्याले मुलुकको कुल गार्हस्थ उत्पादनमा ७ प्रतिशत क्षति पुगेको अनुमान गरिएको छ । सडक दुर्घटनाका कारण जीवन गुमाउँदा वा गम्भीर घाइते भई अपाङ्गताको अवस्थामा पुग्नुपर्दाको व्यक्तिगत क्षति त छँदैछ, घाइते भएकाहरूको उपचारमा भएको खर्चका कारण मुलुकले प्रत्येक वर्ष झण्डै १२ अर्ब २८ करोड रूपैयाँ बराबरको क्षति व्यहोर्नु परेको बताइन्छ ।

यसका अतिरिक्त सम्बन्धित व्यक्ति वा निजको परिवारमा पर्न जाने आर्थिक समस्या, मानिसक क्षति र त्यसका कारण परिवारमा पर्न जाने दुरगामी प्रभाव झन् अकल्पनीय हुन्छ । सवारी दुर्घटनासम्बन्धी विभिन्न अध्ययनबाट प्राप्त तथ्यहरूलाई अनुसूचीमा समावेश गरिएको छ ।

दिगो विकास लक्षअन्तर्गत सन् २०३० सम्ममा सडक दुर्घटनाका कारण अकाल मृत्यु र घाइतेको संख्यालाई आधामा झार्ने विश्वव्यापी लक्ष्य पूरा गर्नु नेपालको पनि दायित्व हो । नेपालको संविधानमै मौलिक हकमा सम्मानपूर्वक बाँच्न पाउने र आधारभूत स्वास्थ्यको हक सुनिश्चित गरिएको छ । मौलिक हकको सुनिश्चितता गर्नु सरकारको दायित्व हुन्छ ।

तसर्थ, सवारी दुर्घटनालाई न्यूनीकरण गर्ने र दुर्घटनामा परी ज्यान गुमाउनेको परिवारलाई उचित क्षतिपूर्ति, घाइतेको उद्धार तथा उपचार, अपाङ्गता भएका नागरिकलाई उचित प्रबन्ध तथा मर्यादित श्रमको प्रवर्द्धनका लागि चालक एवं सहचालकका लागि परामर्श केन्द्र र गुनासो सुनुवाइ गर्ने निकायको व्यवस्था साथै आम नागरिकबीच सडकको सही प्रयोगकाबारे चेतना अभिवृद्धि अभियानलगायत विषयमा तत्काल कदम चाल्न आवश्यक देखिएकाले यो जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव पेश गरेका छौं ।

**प्रस्ताव पेश गर्नुपर्नाको कारण**

- १०औं पटक संशोधन भएर पनि समस्यालाई सम्बोधन गर्न नसकेको प्रचलित सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई पुनरावलोकन गरी सडक सुरक्षासम्बन्धी र सवारी साधन सञ्चालन, यातायात सूचनासम्बन्धी प्रभावकारी व्यवस्थासहित संघीय संरचना अनुरूपको वर्तमान समस्या र चुनौती सम्बोधन गर्ने विधेयकहरू तत्काल संसद्मा पेश गर्न ।
- सवारी चालक अनुमतिपत्र प्राप्ति अघि अनिवार्यरूपमा सवारी सञ्चालनसम्बन्धी पर्याप्त जानकारी उपलब्ध गराउनुका साथै चालक र सहचालकलाई आवधिकरूपमा सचेतनामूलक कार्यक्रम र पुनर्ताजगी कार्यक्रम सञ्चालन गर्न ।
- सडक सुरक्षा सावधानीसहित सडक निर्माणसम्बन्धी स्पष्ट मापदण्ड तय गरी तहगतरूपमा तीनै तहका निकायबाट निर्माण गरिने सडकको न्यूनतम् मापदण्डमा एकरूपता कायम गर्न ।
- यातायातमैत्री सडक पूर्वाधार, सुरक्षा सतर्कता, सवारी तथा यातायातसम्बन्धी कानूनको पालनाजस्ता विषयमा आम नागरिकलाई सचेतना अभिवृद्धि गर्दै अनुशासित र जिम्मेवार बन्न प्रेरित गर्न ।
- सडक दुर्घटनामा परी घाइते भएका नागरिकको उपचारको विषयलाई स्वास्थ्य बिमाको अंगका रूपमा व्यवस्था मिलाउन ।
- सडक दुर्घटनामा परी अपाङ्गता भएका नागरिकको जीवन निर्वाहका लागि रोजगारीमा प्राथमिकता तथा आर्थिक वृत्तिको प्रबन्ध गर्न ।
- सवारी साधनहरूमा सडक सुरक्षाका आवश्यक उपकरण र प्रविधि जडान गर्ने व्यवस्था मिलाउनुका साथै अन्तर्राष्ट्रिय जगतमा नेपालको यातायात सुरक्षामैत्री छ भन्ने सन्देश प्रवाह गर्न ।
- सार्वजनिक यातायात व्यवस्थापनलाई सुरक्षित, सहज, पहुँचयोग्य, मितव्ययी र गुणस्तरीय बनाउन ।

सम्बन्धित मन्त्रालय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अर्थ मन्त्रालय मन्त्रालय ।

*प्रस्तावक तथा समर्थकहरूको विवरण:*

| प्रस्तावक | हस्ताक्षर |
|---|---|
| मा. सोनाम गेल्जेन शेर्पा | |

*मिति: २०८१ जेठ १ गते*

| समर्थक | राजनीतिक दल | हस्ताक्षर |
|---|---|---|
| मा. जग प्रसाद शर्मा | नेकपा (माओवादी केन्द्र) | [signature] |
| मा. कृष्णबहादुर रोकाया | नेपाली कांग्रेस | [signature] |
| मा. भगवती न्यौपाने | नेकपा (एमाले) | [signature] |
| मा.मदन कुमारी शाह (गरिमा) | नेकपा (एकीकृत समाजवादी) | [signature] |
| मा.मोहम्मद खालिद | जनता समाज पार्टी | [signature] |
| मा.तुल प्रसाद विश्वकर्मा | राष्ट्रिय जनमोर्चा | [signature] |
| मा. शेखर कुमार सिंह | लोकतान्त्रीक समाजवादी पार्टी नेपाल | [signature] |